नेपाल सरकार
उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय
# कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं, नेपाल ।

प.सं. :
च.नं. :

## कार्यालयमा पुरानो सफ्टवेयरमा पेश भएका कम्पनी दर्ता सम्वन्धी आवेदनको काम सम्पन्न गर्ने सम्वन्धी सूचना

यस कार्यालयवाट प्रवाह गरिने सेवालाई पुर्ण रुपमा अनलाईन प्रणालीमा आवद्ध गर्ने उद्देश्यले कार्यालयले नयाँ सफ्टवेयर (Company Administration Management Information System- CAMIS) निर्माण गरी हाल उक्त सफ्टवेयर मार्फत नयाँ कम्पनी दर्ताको काम भइरहेको अवस्था विद्यमान छ । यस प्रणालीलाई कार्यान्वयनमा ल्याउनु पुर्व कम्पनीको पुरानो सफ्टवेयर (OCR Live) मा नाम स्वीकृति भएको तर कम्पनी दर्ताको लागि आवेदन पेश नभएको लगायत विविध कारणले ठुलो संख्यामा आवेदनहरु काम सम्पन्न हुन नसकी यथास्थितिमा रहिरहेको अवस्था छ। कार्यालयले केही समयभित्र पुरानो सफ्टवेयरमा दर्ता प्रकृया पुर्ण रुपमा वन्द गर्ने तयारी गरिरहेको छ ।

तसर्थ, कार्यालयको पुरानो सफ्टवेयरमा कम्पनीको नाम स्वीकृति भई कम्पनी दर्ताको लागि आवश्यक कागजात पेश गर्न वाँकी रहेका निवेदनहरु लगायत विविध कारणले पुरानो सफ्टवेयरमा दर्ता सम्वन्धी काम वाँकी रहेका निवेदनहरुको हकमा मिति २०८१ भदौ मसान्त भित्रमा कम्पनी दर्ता सम्वन्धी वाँकी काम सम्पन्न गर्नुहुन यसै सुचना मार्फत जानकारी गराइन्छ । यदि उल्लिखित समयसीमा भित्र कार्यसम्पन्न हुन नसकेमा त्यस्ता आवेदनहरु उपर पुरानो सफ्टवेयरमा थप कारवाही हुन नसक्ने र त्यस्ता सेवाग्राहीहरुले नयाँ प्रकृया मार्फत CAMIS प्रणालीमा शुरूदेखि कम्पनी दर्ताको प्रकृया अगाडी वढाउनुपर्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

प्रदिप राज अधिकारी
रजिष्ट्रार

फोन: ५३१५०७७ (रजिष्ट्रार), ५३६७२५६, ५३६३०८९
E-mail: info@ocr.gov.np, URL/Website : www.ocr.gov.np